# कृष्णप्रकाश श्रेष्ठ

## नेपाली किम्बदन्तीमाला

### काष्ठमण्डप

पुग्यो लगनमा अग्लो मत्सेन्द्रनाथको रथ,
लोकको हितका लागि पूरा गर्न मनोरथ ।
स्वर्गबाट झरी आयो कल्पवृक्ष स्वयं तल,
मानवाकृति ली लाग्यो हेर्न जात्रा सबैतिर ॥
मनोकांक्षा पूरा गर्ने वृक्ष भन्ने चिनेर नै
पक्रेर पाखुरा तान्यो चंख बिसेतले कुनै ।
,,छोडिद्यौ,,
वृक्ष भन्दो भो :
,,जान्छु त्यागी म भूतल ।,,
किन्तु बिसेत चाहन्थ्यो निर्माण गर्न सत्तल ॥
,,हुन्छ, सत्तलका लागि दिनेछु रुख एक म,
ठूलो मण्डप नै एक निर्माण गर उत्तम ।,,
किन्तु बिसेतले बाचा बधाउनै गर्‍यो कर :
,,जानेछौ स्वर्गमा आफू, पाउने काठ के भर ?
नून औ तेलको भाउ जब होला बराबर,
गर्नेछु म प्रतिष्ठा र फर्किजानू तिमी घर ।,,
कल्पवृक्ष भयो राजी, बाचाबन्धन बाँधियो,
शिघ्र नै मुक्तिका लागि उस्ले उत्तर यो दियो :
,,काठ हो दिव्य, पर्दैन प्रतिष्ठाको जरुरत,
शोभा त्यो राजधानीको बन्ला भविष्यमा स्वत: ।,,
बाचा बाँधी भई मुक्त पञ्जाबाट बिसेतको,
कल्पवृक्ष सिधै उक्ल्यो बाटोमा स्वर्गतर्फको ॥
बिसेत भोरमै व्यूँझ्यो : अहो, कस्तो अचम्म यो ?
विशाल सालको वृक्ष आँखासामु खडा थियो ।
राजाबाट लिई आज्ञा बन्न गो एक सत्तल,
काष्ठमण्डप त्यस्को नै रह्यो नाम समुज्ज्वल ॥
स्वर्गीय काठको भव्य बन्यो मण्डप सुन्दर,
बचेको काठको सानो बन्यो पाटी र मन्दिर ।
समान छैन अद्यापि मोल नून र तेलको,
प्रतिष्ठाको प्रतीक्षामा छ सके कल्पवृक्ष त्यो ?
जानेछ स्वर्गमा सोझै प्रतिष्ठा भो भने तर
अत: प्राणप्रतिष्ठाको अद्यापि छैन तर्खर ॥
(८ जनवरी २००३)

काष्ठमण्डप (नेवारी नाम मरुसत्तल) : गद्दीबैठकको सामुन्ने पश्चिमतिर चौबाटोमा रहेको जुन दिशाबाट पनि भित्र पस्न सकिने तीनछाने विशाल भवन । यसको टुप्पामा सुनको बिर्को भएको कलशाकार गजूर रहेको छ भने पूर्वतिर फर्केको मूलद्रवारको दायाँबायाँ प्रस्तरका दुई सिंह रहेका छन् । यसको भुइँ तलामा चार कुनामा कोणाकार गारामा जोडिएका चारवटा सुन्दर मञ्च बनेका छन् भने भित्र गोरखनाथको मूर्ति र चार कुनामा चारवटा

गणेशका मूर्ति रहेका छन् । प्राचीन कालको यंगल भन्ने इलाकाभित्र पर्ने मण्डप हुनाले एउटा ताम्रपत्रमा यंग्रमण्डो अर्थात् यंगलको मण्डप भन्ने लेखिएको पाइन्छ (बज्राचार्य, पृ. ४८) ।
लगन : पाटनको लगनखेल जहाँ मत्सेन्द्रनाथ (नेवारीमा बुंगद्यो) को रथ पुग्दा लगनजात्रा सम्पन्न गरिन्छ ।
बिसेत : नेवारहरुको एक थर (राइट, ई.सं. १८७७, पृ. २११) ।

## बिस्केटजात्रा

राजदर्बारमा राति पालो बस्ने थियो प्रथा,
भयभीत थिए भक्तपुरवासी सबै प्रजा ।
अँगाल्नुपर्दथ्यो पाले हुनेले मृत्यु वास्तव,
पालो जो बस्दथ्यो उस्को भेटिन्थ्यो भोरमा शव ॥
पालेको मृत्युको भेद पत्ता लाग्दैनथ्यो कुनै,
भोलिपल्ट चलाइन्थ्यो शवयात्रा बिहान नै ।
क्रमशः राति पालोमा जान बाध्य थिए जन,
गर्न सक्तैनथ्यो कोही राजाज्ञा अवहेलन ॥
एकपल्ट पुग्यो पालो बृद्धदम्पत्तिको घर,
भए दुवै बूढाबूढी अत्यन्त नै भयातुर ।
चिन्ता थियो दुवैलाई : „को जाने दरबारमा ?„
दुईमा एकले पर्थ्यो अँगाल्नु मृत्यु रातमा ॥
बूढो भन्थ्यो : „म नै गर्छु कालको आज सामना ।„
बूढी भन्थी : „म के भोगूँ यहाँ वैधव्य ताडना ?„
गर्दै थिए बूढाबूढी तर्कना शोकमा परी,
„पालो को बस्न जाने लौ ?„
गर्थे प्रश्न घरिघरि ॥
पालोको तर लागेन टुंगो वादविवादमा,
दुवै चाहन्नथे पर्न एक्लो बुढेसकालमा ।
गर्दै थिए बूढाबूढी बिहानैदेखि चिन्तन,
मर्नुभन्दा थियो बाँच्नु बढी गाह्रो दुवैकन ॥
यत्तिकैमा पुग्यो कोही वास माग्न संघारमा,
फिरन्ता परदेशीको सुनियो स्वर साँझमा ।
सहर्ष वास उस्लाई बृद्धदम्पत्तिले दिए,
पालोको पीरले किन्तु दुवै व्यग्र निकै थिए ॥
छन् शोकाकूल के पर्दा भन्ने बुझेर कारण,
परदेशी भयो राजी पालोमा जान तत्क्षण ।
बृद्धदम्पत्तिको सट्टा पालो बस्न सरासर,
पुग्यो दर्बारमा आफै लिएर खड्ग केवल ॥
परदेशी बस्यो पालो काल पर्खेर रातमा,
थियो सतर्क ज्यादै ऊ लिएर खड्ग हातमा ।
जाग्राम नै बसी राति सोच्दै थियो ऊ कारण,
„पालो बस्ने यहाँ पर्छ मृत्युको मुखमा किन ?„
मध्यरात हुँदा उस्ले देख्यो दृश्य भयंकर :

काला सर्पहरु सुल्ल बगी उठाउँदै शिर,
रानीको नाकका प्वालबाट निस्केर बाहिर,
लम्के पाले हुनेलाई भएर डस्न तत्पर ॥
थिए सर्पहरु ज्यादै मसीना रौप्रमाणका,
हेर्दाहेर्दै लिए तिन्ले स्वरुप भीमकायका ।
परदेशी थियो जागै, उजायो खड्ग आखिर,
प्रहार खड्गको पर्दा गिरे दुवै अजिंगर ॥
भोलिपल्ट सधैंजस्तो मुर्दा लाने लिई खट,
पुगे दर्बारमा मान्छे मलामी बन्न झट्पट ।
किन्तु पाले थियो ज्यूँदै रानीकै सामु खोपीमा,
सुनाउँदै थियो दृश्य देखेथ्यो जुन रातमा ॥
परे अचम्ममा आए मलामी बन्न जो त्यहाँ,
सारा वृतान्तको बिन्ती चढाए नृपतिकहाँ ।
राजा दंग परे ज्ञात हुँदा रहस्य मृत्युको,
गरियो दाहसंस्कार घाटमा दुई सर्पको ॥
देशमा पिटियो झ्याली :
,,बिस्यात,, : ,,सर्प मारियो ।,,
केन्द्रमा सर्पको सट्टा दुई लिंगो ठड्याइयो ॥
गरियो परदेशीको ठूलो सम्मान वास्तव,
प्रजा हर्षित भै सारा मनाइयो महोत्सव ॥
भन्छन्, आए स्वयं विश्वनाथ उत्सव हेर्न रे,,
पाई तान्त्रिकले चाल यत्न पक्रनको गरे ।
लिई भैरवको रुप खोजेथे जब उम्कन,
गरे तान्त्रिकले तिन्को तत्कालै शिरच्छेदन ॥
विश्वनाथ भए लोप मात्र हात पर्‍यो शिर,
विश्वख्वा भनिई त्यस्कै चल्यो जात्रा सरासर ।
रथ तानी रमाएर गर्दै देश परिक्रमा,
हुन्छ भैरवको जात्रा पनि हरेक वर्षमा ॥

बिस्यात : नेवारीमा बि अर्थात् सर्प र स्यात अर्थात् मारियो भन्ने दुई शव्दको संयोगबाट बिस्यात अर्थात् सर्प मारियो भन्ने अर्थ लगाएर किम्बदन्तीको रचना भएको प्रतीत हुन्छ । यही बिस्यात भन्ने शव्दको अपभ्रंशबाट हरेक वर्ष वैशाख संक्रान्तिका दिन भक्तपुरमा मनाइने जात्राको नाम बिस्केट रहेको मानिन्छ ।

बिस्केटजात्रा : लिंगो (नेवारीमा योसिं) अर्थात् विश्वध्वजा ठड्याएर मनाइने उत्सव हुनाले विश्वध्वजयात्रा भनिएको र यसैको अपभ्रंशबाट बिस्केटजात्रा भनिएको हो भन्ने विश्वास गरिन्छ । चैत्र मसान्तका दिन भक्तपुरको योसिंख्य (लिंगो ठड्याउने मैदान) मा ठूलो लिंगो (अर्को एउटा सानो लिंगो पनि) ठड्याइन्छ । नयाँ वर्ष आगमनको चार दिनअघि तौमढीटोलस्थित न्यातपोल मन्दिर र भैरव मन्दिरको आगनबाट उत्तर र दक्षिर दुईतिर रथ तानातान गरी जसले जित्यो त्यतैतर्फ रथ गुडाएर जात्रा गरिन्छ । रथ तान्ने डोरीलाई अष्टमात्रिकाको प्रतीक मानिन्छ । भक्तपुरवासीहरु नौ दिनसम्म धूमधामसित जात्रा गरी भोज खान्छन् ।

## काठेसिम्भु

एकपल्ट पुगे काशी समन्तभद्र तान्त्रिक,
तिर्थाटन गरी स्नान गर्दै गंगानदीतक ।
देखे त्यहाँ अति भव्य बनेको जैनमन्दिर,
ठूलो मैदानको माझ, वाराणसी तटैनिर ॥
वरिपरि थियो हुल हजारौं जनको त्यहाँ,
थिए संलग्न ती सारा चर्को वादविवादमा ।
थियो प्राणप्रतिष्ठाको निम्ति सम्पूर्ण साधन,
किन्तु विवाद चर्केको सुनिन्थ्यो, किन हो किन ?।
समन्तभद्र सोझै नै विवादस्थलमा पुगे,
जिज्ञासा मनमा राख्दै सबैको सामुमा झुके ।
एकै स्वर गरी सारा भन्न लागे उनैकन :
,,लौ न, प्राणप्रतिष्ठा यो गरिद्यौ आज, सज्जन ॥,,
जैन धर्माबलम्त्रीको बुझी सम्पूर्ण आशय,
समन्तभद्रले बिन्ती गरे स्वीकार निश्चय ।
पुगी किनारमा स्नान गंगाको जलमा गरे,
ल्याई अञ्जुलिमा गंगाजल मन्दिरमा छरे ॥
हुलतर्फ गरी लक्ष भने तान्त्रिकले यसो :
,,भयो प्राणप्रतिष्ठाको विधि सम्पन्न, बन्धुहो ।,,
सुनी यस्तो कुरा जैनहरु भए अचम्भित :
,,छैन प्राणप्रतिष्ठाको सामग्री जरुरी कि त ?
झारा टार्ने गरी काम हुन्छ के शुद्ध मन्दिर ?
अनन्त कालसम्मन् नै रहला के यहाँ स्थिर ?,,
समन्तभद्रले धैर्यसाथ प्रश्नहरु सुने,
सबै आश्चर्यमा पर्ने योजना मनमा गुने ॥
भने विनम्रतासाथ जैनको हुलसम्मुख,
जो परस्परमा व्यस्त थिए गर्दै मुखामुख :
,,यति विश्वास लाग्दैन भने शास्त्रार्थ गर्नु के ?
म आफ्नै देशमा लग्छु सिंगै मन्दिर, हुन्छ के ?,,
कुरा यस्तो सुनी जैन भए अत्यन्त विस्मित,
सोच्न थाले :
,,कतै यस्को विवेक नै गुम्यो कि त ?
कसरी लग्छु भन्दै छ यत्रो विशाल मन्दिर ?,,
सुनियो हुलमा खालि यस्तै संदेहको स्वर ॥
समन्तभद्रले सोधे :
,,लागेन के पत्यार र ?,,
थपे उत्तरमा सुन्दा शंकाकै भाव केवल :
,,बाँध मन्दिर डोरीले, बेसरी तान भूमिमा,
उखेली जग नै लान्छु उडाएर स्वदेशमा ॥,,
यस्तो हाँक त्यहाँ एक अदना व्यक्तिको सुनी,
लागे जैनहरु सोच्न शंका हुँदाहुँदै पनि ।
,,घमण्ड तोड्न लौ, यस्को हेरिहालौं करामत,
हो गफाष्टक भन्ने त छिटै हुनेछ निश्चित ॥,,

दरीलो डोरी ल्याएर बाँधियो जैनमन्दिर,
हुल सारा मिली ताने झुम्मिएर सबैतिर ।
समन्तभद्रले गंगाजल लिएर हातमा,
मन्त्रोच्चारणका साथ गरे तीन परिक्रमा ॥
बजाए अन्त्यमा तीनैपल्ट चुट्की सरासर,
लाग्यो आकाशमा उड्न जगैसहित मन्दिर ।
अकमक्क परी डोरी समाती जैनको दल,
तान्न थाल्यो लगाएर न्वारानदेखिको बल ॥
असमर्थ भए किन्तु रोक्न मन्दिरको गति,
झुण्डिदै डोरीमा उड्न लागे आकाशमाथि ती ।
सबैसंग बिदाबारी भई तत्काल तान्त्रिक,
उडे मन्दिरका साथै बिस्तारै संगमैतक ॥
देखेर खतरा ठूलो, बुझी कोशीश निष्फल,
उत्र्यो मैदानमा हिस्स परेर जैनको दल ।
हेरे मुसुमुसु हाँस्दै समन्तभद्रले तल,
आकाशमार्गमा उड्दै पुगे नेपालमण्डल ॥
काशीबाट सीधै आयो स्वयम्भूतुल्य मन्दिर,
रह्यो काशीस्वयम्भू नै नाम त्यस्को सरासर ।
सुनाउँदै चमत्कार काठेसिम्भू भनिन्छ त्यो,
अद्यापि सम्झना त्यस्ले दिन्छ सामन्तभद्रको ॥
(१९ फरवरी २००३ (७ फागुन २०५९), बुधवार)

काठेसिम्भू : काठमाडौ नघलटोलमा अवस्थित श्रीघःविहारमा रहेको बौद्धस्तुप । ई.सं. १६७० : १६७४ (ने.सं. ७९० : ७९४) तिर निर्माण गरिएको मानिने यो स्तुप काठमाडौं तक्षशहालमा बस्ने समन्तभद्र गुभाजुले आफ्नो तन्त्रिक बलद्वारा काशीबाट ल्याएर स्थापना गरेका हुन् भन्ने जनधारणा छ ।

पुनश्च : नेपाली किम्बदन्तीमाला शीर्षकमा तयार पारिएको संग्रहबाट यहाँ तीनवटा किम्बदन्तीहरु इन्टरनेट पत्रिकाका पाठकसमक्ष प्रस्तुत गर्दैछु । पाठक प्रतिक्रियाको प्रतीक्षा रहनेछ । कृष्णप्रकाश श्रेष्ठ